# निस्दी गाउँपालिका

# स्थानीय राजपत्र


| खण्ड ८ | संख्या ३ | मिति २०८१/०४/०६ |
|---|---|---|


# भाग १

## निस्दी गाउँपालिका
## लुम्बिनी प्रदेश, नेपाल
## गाउँ शिक्षा (पहिलो शंशोधन) ऐन, २०८०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा(१) बमोजिम निर्मित निस्दी गाउँ शिक्षा ऐन, २०८० को दफा २७ को उपदफा २ थप गरी शिक्षा शाखालाई संचालन र गतिशिल बनाउन वाञ्छनीय भएकोले निस्दी गाउँपालिकाको १५ औं गाउँ सभा अधिवेशनबाट पारित निस्दी गाउँ शिक्षा (पहिलो शंशोधन) ऐन, २०८० निस्दी गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

**खण्ड-८, संख्या-३, स्थानीय राजपत्र भाग-१, मिति:२०८२/०४/०६**

**१. <u>निस्दी गाउँ शिक्षा ऐन २०८० को दफा २७ मा शंशोधन:</u>**

निस्दी गाउँ शिक्षा ऐन, २०८० को परिच्छेद ४, दफा २७ मा उपदफा (२) थप गरी "शिक्षा शाखामा कुनै कारणवश तोकिए बमोजिमको स्थायी कर्मचारीको पदपूर्ति नहुने अवस्थामा गाउँपालिका अन्तर्गतका विद्यालयका शिक्षकलाई काम चलाउ रुपमा शाखामा खटाउन सकिनेछ ।"

**आज्ञाले,**
**मदन अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**

## निस्दी गाउँपालिका
## मित्याल, पाल्पा

# गाउँ शिक्षा (पहिलो संशोधन) ऐन, २०८०

प्रमाणिकरण मितिः २०८१/०३/३०

CamScanner

**प्रस्तावनाः** नेपालको संविधानद्वारा प्रदत्त शिक्षा सम्बन्धी मौलिक हकहरुलाई व्यवहारमा कार्यान्वयन गरी आधारभूत र माध्यामिक शिक्षा सबैको सहज समतामूलक पहुँच कायम गर्न शिक्षालाई लोकतन्त्रान्त्रिक मूल्य र मान्यतामा आधारित गुणस्तरीय, जिवनोपयोगी एवम् प्रतिस्पर्धी बनाउंदै बालबालिकाहरुको चौतर्फी विकास गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम निस्दी गाउँपालिकाको गाउँसभाबाट पारित गरी कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम बिस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम निस्दी गाउँ शिक्षा ऐन २०८० रहेको छ।

(२) यो ऐन निस्दी गाँउपालिकाभर लागु हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्र सूचना प्रकाशित गरेको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

**क. ऐन** भन्नाले निस्दी गाउँपालिका आधारभूत तथा माध्यामिक शिक्षा ऐन २०८० लाई सम्झनु पर्दछ।

**ख. मन्त्रालय** भन्नाले शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्दछ।

**ग. प्रदेश मन्त्रालय** भन्नाले लुम्बिनी प्रदेशको शिक्षा हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ।

**घ. गाउँपालिका** भन्नाले निस्दी गाउँपालिकालाई सम्झनु पर्दछ।

**ङ. सभा** भन्नाले निस्दी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ।

**च. कार्यपालिका** भन्नाले निस्दी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

**छ. प्रारम्भिक बालबिकास शिक्षा** भन्नाले चार बर्ष उमेर पूरा गरेका बालबालिकालाई एक बर्षको पूर्व प्राथमिक शिक्षा सम्झनु पर्दछ।

**ज. आधारभूत शिक्षा** भन्नाले प्रारम्भिक बालबिकास शिक्षा देखि कक्षा आठसम्म दिईने शिक्षा सम्झनु पर्दछ।

**झ. माध्यमिक शिक्षा** भन्नाले कक्षा नौ देखि कक्षा बाहसम्मको शिक्षा सम्झनु पर्दछ।

**ञ. विशेष शिक्षा** भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, सुस्तश्रवण र बौद्धिक अपाङ्गता वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी बिशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्दछ।

**ट. समावेशी शिक्षा** भन्नाले (१) दृष्टिविहिन, न्यून दृष्टि, बहिरा, सुस्तश्रवण, अटिज्म, सुस्तश्रवण र बौद्धिक-शारीरिक अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा।

**ठ. सामुदायिक विद्यालय** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ।

**ड. संस्थागत विद्यालय** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ।

**ढ. आधारभूत विद्यालय** भन्नाले खण्ड ख बमोजिमको शिक्षा दिने विद्यालय सम्झनु पर्दछ।

**ण. माध्यमिक विद्यालय** भन्नाले खण्ड ज र झ बमोजिमको शिक्षा दिने विद्यालय सम्झनु पर्दछ।

**त. विद्यालय** भन्नाले सामूदायिक वा संस्थागत विद्यालय सम्झनु पर्दछ।

**थ. विद्यालय शिक्षा** भन्नाले आधारभुत र माध्यामिक शिक्षा सम्झनु पर्दछ।

**द. शिक्षक** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँदछ।

**ध. बालबिकास शिक्षक** भन्नाले प्रारम्भिक बालबिकास केन्द्रमा अध्यापन गर्ने शिक्षकलाई सम्झनु पर्दछ।

**न. कर्मचारी** भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीहरुलाई सम्झनु पर्दछ।

**प. अभिभावक** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका बाबु, आमा, बाजे, बज्यै (हजुरबुवा/हजुरआमा) वा त्यस्ता अभिभावक नभएका विद्यार्थीको संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँदछ।

**फ. तोकिएको वा तोकिए बमोजिम** भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

**ब. शैक्षिक गुठी** भन्नाले विद्यालय संचालन गर्नका लागि कुनै संस्था वा व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्दछ।

**भ. आधारभुत शिक्षा उत्तीर्ण परीक्षा** भन्नाले आधारभूत तहको अन्त्यमा हुने कक्षा ८ को बार्षिक परिक्षालाई सम्झनु पर्दछ।



CS CamScanner

**म. अनुमति** भन्नाले संघिय सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृति जनाउँछ।

**य. स्वीकृति** भन्नाले तोकिएको बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्वीकृतिलाई जनाउँछ।

**र. आयोग** भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनु पर्दछ।

**ल. अनिवार्य शिक्षा** भन्नाले संघीय सरकारद्धारा तोकिएको उमेर समुहका बालबालिकाहरु विद्यालय वा अन्य बैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्यापन गर्ने र आधारभुत तहको अध्ययन पुरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनु पर्दछ।

**व. निःशुल्क शिक्षा** भन्नाले बिद्यालय वा शैक्षिक संस्थाले बिद्यार्थी वा अभिभावकबाट कुनै पनि शिर्षकमा शुल्क अशुल नगरी दिईने शिक्षालाई सम्झनु पर्दछ।

**श. बोर्ड** भन्नाले माध्यमिक तहका अन्तिम परिक्षा संचालन गर्न गठन गरिएको परिक्षा बोर्डलाई सम्झनु पर्दछ।

**ष. प्रधानाध्यापक** भन्नाले विद्यालयको नेतृत्व बहन गर्ने व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको कार्यकारी पदाधिकारीलाई सम्झनु पर्दछ।

**स. गाउँ शिक्षा समिति** भन्नाले निस्दी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

**ह. शाखा** भन्नाले निस्दी गाउँपालिकाको शिक्षा शाखालाई सम्झनु पर्दछ ।

**क्ष. विद्यालय व्यवस्थापन समिति** भन्नाले निस्दी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ।

**त्र. शिक्षक अभिभावक संघ** भन्नाले विद्यालयका शिक्षक र अभिभावकहरुको संघलाई सम्झनु पर्दछ।

**ज्ञ. शिक्षक महासंघ** भन्नाले शिक्षकहरुको पेशागत छाता संगठनलाई जनाउँछ।

## परिच्छेद २
## शिक्षामा नागरिकको पहुँच र गाउँपालिकाको दायित्व

**३. शिक्षा प्राप्त गर्ने अधिकारः** पालिकाबासी प्रत्येक नागरिकलाई औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट गुणस्तरिय आधारभूत तथा माध्यमिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

**४ शिक्षा प्रदान गर्ने दायित्वः** पालिकाबासी प्रत्येक नागरिकलाई माध्यमिक तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व पालिकाको हुनेछ।

**५ नागरिकको कर्तब्यः** आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समुहका आफ्ना बालबालिकाहरुलाई पायक पर्ने विद्यालय र उमेर अनुसारको कक्षामा भर्ना गराई नियमित रुपमा विद्यालय पठाउनु पालिकाबासी नागरिकको कर्तब्य हुनेछ।शिक्षामा नागरिकको अधिकार एवम् पहुँच र पालिकाको दायित्व सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ३
## अनिवार्य तथा निःशुल्क शिक्षा

**६. अनिवार्य र निशुल्क आधारभूत शिक्षाः** यो ऐन प्रारम्भ भएपछि पालिका भित्र बसोबास गर्ने आधारभूत विद्यालयमा जाने उमेर पुगेका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य र निशुल्क शिक्षा प्रदान गर्नेछ।

**७. अनिवार्य विद्यालय भर्नाः** यो ऐन प्रारम्भ भएपछि प्रत्येक बालबालिकालाई निजको उमेर अनुसारको विद्यालयको कक्षामा अनिवार्य भर्ना गराउनु सम्बन्धित अभिभावकको कर्तब्य हुनेछ।

**८. अभिभावकको पहिचान नखुलेको बालबालिकाः** गाउँपालिकाबासी वा गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र अभिभावकको पहिचान नखुलेको बालबालिका भएमा त्यस्ता बालबालिकाको पालन पोषण तथा आधारभूत / माध्यामिक तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व गाउँपालिकाको हुनेछ।

**९. माध्यमिक तह सम्मको शिक्षा निःशुल्कः** प्रत्येक बालबालिकालाई माध्यमिक तह सम्मको शिक्षा निःशुल्क रुपमा प्राप्त गर्ने अधिकार हुनेछ।

**१०. अनौपचारिक, बैकल्पिक, परम्परागत तथा खुल्ला शिक्षाको व्यवस्थाः**

औपचारिक शिक्षाको अवसरबाट बञ्चित रहेका गाँउपालिका क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नागरिकलाई अनौपचारिक, बैकल्पिक, परम्परागत तथा खुल्ला शिक्षा जस्ता आफ्नो अनुकुल शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ। त्यस्तो शिक्षाको संचालन, संरक्षण र प्रबर्धन गर्ने दायित्व गाउँपालिकाको हुनेछ।

**११. सामुदायिक सिकाई केन्द्रको संचालनः** गाउँपालिका क्षेत्र भित्र सामुदायिक सिकाई केन्द्रहरुको स्थापना तथा संचालन गरिनेछ । सामुदायिक सिकाई केन्द्रहरुको संचालन, व्यवस्थापन एवम् नियमन तोकिए बमोजिम हुनेछ।यो ऐन लागू हुनु भन्दा अघि संचालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको सम्बन्धमा सोहि अनुसार हुने मानिनेछ।



CamScanner

**१२. प्राबिधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी ब्यवस्थाः**

गाउँपालिका भित्र माध्यमिक तह सम्मको समकक्षता हुने गरी बहुप्राबिधिक शिक्षाको विकास, अनुसन्धान तथा प्रवर्धन गर्न प्राबिधिक तथा व्यावसायिक शिक्षा परिषद स्थापना गरिनेछ।

प्राबिधिक तथा व्यावसायिक शिक्षा परिषदको गठन, काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१३. स्वास्थ्य उपचारको प्रबन्धः** आधारभूत तथा माध्यमिक विद्यालयमा अध्ययनरत सबै बिद्यार्थीको नियमित स्वास्थ्य परिक्षण आधारभूत स्वास्थ्य उपचार तथा परामर्श सम्बन्धी आवश्यक व्यवस्था हुनेछ।

**१४. विद्यार्थीका लागि दिवा खाजा सम्बन्धी ब्यवस्थाः** दिवा खाजा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ब्यवस्थाः** अनिवार्य तथा निशुःल्क शिक्षा सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ४
## विद्यालय सञ्चालन अनुमति भौतिक पूर्वाधार तथा मापदण्डः

**१६. विद्यालय खोल्न अनुमति लिनुपर्नेः** (१) सामुदायिक विद्यालय र संस्थागत विद्यालय,शैक्षिक गुठी खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिशमा गाउँ शिक्षा समितिको निर्णय सहित तोकिएको अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिनु पर्नेछ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा पालिका वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा अनुमति दिन मनासिब देखिएमा राय सहित गाउँपालिकामा पेश गर्नुपर्नेछ।

३) उपदफा (२) बमोजिम राय सहित पेश भएको निवेदन उपर छलफल गरी मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति प्रदान गर्न सक्नेछ।

४) उपदफा (१) (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठी र संस्थागत कम्पनीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति दिईने छैन।

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय

ख) सरकारी वा सार्वाजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान गरेका भए र सो भवन वा जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

५) बृहत विद्यालय ( Big School ) र नमुना विद्यालय बनाउने तर्फ कार्यक्रम ल्याइनेछ।

६) विद्यालय खोल्ने तथा संचालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१७. शैक्षिक संस्थाको संचालन र व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

शैक्षिक संस्थाहरुको संचालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

२) विद्यालय संचालनको अनुमति माग गर्दा सम्बन्धित वडा समितिको सिफारिस संलग्न गर्नुपर्नेछ।

३) अनुमति वा दुरीको सम्बन्धमा बिवाद भई सम्बन्धित विद्यालयको सहमति हुन नसकेमा गाउँशिक्षा समितिले बस्तुस्थिति बिश्लेषण गरी विद्यालय खोल्न गाउँपालिकालाई सिफारिश दिन सक्नेछ।

**१८. माध्यमिक शिक्षाको बर्गीकरणः**

संघीय कानुन तथा प्रदेश कानुनमा अन्य व्यवस्था भएकोमा बाहेक माध्यमिक शिक्षालाई देहाय बमोजिम बर्गीकरण गरिनेछ।

क) साधारण माध्यमिक शिक्षा

ख) संस्कृत माध्यमिक शिक्षा

ग) प्राबिधिक तथा ब्यवसायिक माध्यमिक शिक्षा

**१९. शिक्षाको माध्यमः**

१) विद्यालय शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुबै भाषा हुनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ।

क) आधारभुत शिक्षा मातृभाषामा समेत दिन सकिनेछ।

ख) भाषा बिषयको अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**२०. विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन,विद्यालय बन्द वा कक्षा समायोजन गर्न सकिनेः**

१) तोकिएको अधिकारीले गाउँ शिक्षा समितिको सिफारिशमा कार्यपालिकाको निर्णय अनुसार संञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्न, दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न, विद्यालयको नाम परिर्वतन गर्न, विद्यालय बन्द गर्न, विद्यालयको कक्षा थप गरी संचालन गर्न अनुमति दिन सक्नेछ।



CS CamScanner

२) विद्यालय सार्ने, गाभ्ने, नाम परिर्वतन र विद्यालय बन्द गर्ने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।
मौजुदा विद्यार्थी संख्याका आधारमा विद्यालयमा संचालित कक्षा/कक्षाहरु मापदण्ड बनाई समायोजन वा घटुवा गर्न सकिनेछ।

**२१. विद्यालयको सम्पत्तिः** सामुदायिक विद्यालयको स्वामित्वमा रहेको सम्पत्ति विद्यालयको सम्पत्ति मानिनेछ।

**२२. विद्यालयको सम्पत्ति सम्बन्धी अन्य व्यवस्थाः** विद्यालयको भौतिक सम्पत्तिको संरक्षण गर्ने दायित्व विद्यालय प्रशासन र व्यवस्थापन समितिको हुनेछ। यस सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२३. शुल्क सम्बन्धी व्यवस्थाः**

१) सामुदायिक विद्यालयले बालबालिकासँग कुनै प्रकारको शुल्क लिन पाइनेछैन।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयले दान, उपहार एवं सहयोग लिन सक्नेछ।

३) सबै बालबालिकाहरुलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि संघिय कानुन बमोजिम व्यवस्था गरिनेछ।

**२४. विद्यालय कोषः**

१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ जसमा देहाय बमोजिमका रकम जम्मा हुनेछ।

क) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान

ख) गाउँपालिकाबाट प्राप्त अनुदान

ग) अभिभावकहरुबाट प्राप्त सहयोग

घ) चन्दा वा दानबाट प्राप्त सहयोग

ङ) विद्यालयको भौतिक सम्पत्ति उपभोगबाट प्राप्त आय

च) अन्य श्रोतबाट प्राप्त सहयोग वा अनुदान

२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखा परिक्षण तोकिए बमोजिम हुनेछ।

३) अक्षयकोष सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२५. विद्यालय सञ्चालन समयः** विद्यालय सञ्चालन समय तोकिए बमोजिम हुनेछ।

**२६. प्रधानाध्यापकको व्यवस्थाः** प्राधानाध्यापकको नियुक्ति, पदावधि, काम, कर्तव्य, अधिकार र कार्यसम्पादन तोकिए बमोजिम हुनेछ।

**२७. शिक्षा शाखा र शिक्षा कर्मचारीको वैकल्पिक व्यवस्था सम्बन्धी व्यवस्थाः** १) गाउँपालिकाको शिक्षा सम्बन्धी निति तथा कार्यान्वयन, अनुगमन, आवधिक योजना निर्माण, प्रगति प्रतिबेदन तयारी, प्रस्तुत र पेश गर्ने दायित्व गाउँपालिका अन्तर्गत रहेको शिक्षा शाखाको हुनेछ।

२+) शिक्षा शाखामा कुनै कारणवश तोकिए बमोजिमको स्थायी कर्मचारीको पदपूर्ति नहुने अवस्थामा गाउँपालिका अन्तर्गतका विद्यालयका शिक्षकलाई काम चलाउ रूपमा शाखामा खटाउन सकिनेछ।

३) गाउँ शिक्षा शाखाको संरचना गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

**२८. गाउँ शिक्षा सेवा आयोग सम्बन्धी व्यवस्थाः**१) गाउँपालिकाले आफ्नै श्रोतमा शिक्षकको नियुक्तिको सिफारिश गर्ने प्रयोजनका लागि गाउँ शिक्षा सेवा पद पूर्ति समिति गठन गरिनेछ।

२) गाउँ शिक्षा सेवा पद पूर्ति समिति सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ५

## आचारसंहिता, सरुवा, दरबन्दी मिलान तथा सेवाका शर्तहरु

**२९. आचारसंहिताः** शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको आचारसंहिता तोकिए बमोजिम हुनेछ।

**३०. शिक्षक सरुवा र दरबन्दी मिलानः** १) आवश्यकता अनुसार गाउँ कार्यपालिकाको कार्यालयले पालिका क्षेत्र भित्रका एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको सरुवा गर्न सक्नेछ ।सो प्रयोजनका निम्ति आवश्यकता अनुसार कार्यालयले सम्बन्धित विद्यालयको व्यवस्थापन समितिसँग आवश्यक राय परामर्श गर्न सक्नेछ।

२) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३) गाउँपालिकाले संचालित कक्षा विद्यार्थी संख्या र मौजुदा शिक्षक संख्याका आधारमा कार्यविधि बनाई दरबन्दी मिलान गर्न सक्नेछ।

**३१. शिक्षकको सेवा शर्तहरुः** १) शिक्षकको सेवाका शर्तहरु संघीय कानुनमा उल्लेख भए बमोजिम हुनेछन्।

२) संस्थागत विद्यालय शिक्षक तथा कर्मचारीहरुको सेवाका न्यूतम शर्तहरुमा समेत एकरुपता ल्याईनेछ।
विद्यालयका कर्मचारीको सेवा शर्तहरु तोकिए बमोजिम हुनेछ।

२+) गाउँ शिक्षा (पहिलो संशोधन) ऐन, २०८१ द्धारा थप ।



CamScanner

**३२. विद्यालय कर्मचारी सम्बन्धी व्यवस्थाः** विद्यालय कर्मचारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ६

## बजेट बिनियोजन तथा अनुदान

**३३. बजेट बिनियोजन तथा अनुदानः** गाउँपालिकाले प्रत्येक बर्ष आफ्नो बजेट मार्फत विद्यालयको विद्यार्थी संख्या, सिकाइ उपलब्धी तथा भौतिक अवस्थाको आधारमा आधारभूत तथा माध्यामिक शिक्षा प्रदान गर्ने प्रयोजनका लागि निश्चित रकम विनियोजन गर्नु पर्नेछ।

**३४. अन्य व्यक्ति वा संस्थाको सहायता लिन सकिनेः** विद्यालयले विद्यालय बिकासका लागि अन्य व्यक्ति वा संस्थाको सहायता लिन सक्नेछ। यसरी लिएको सहायताको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ।

**३५. भौतिक पूर्वाधार तथा मापदण्डः** विद्यालयको संचालनका लागि आवश्यक भौतिक पूर्वाधार तथा मापदण्डहरु तोकिए बमोजिम हुनु पर्नेछ।

## परिच्छेद ७

## प्रोत्साहन, उत्प्रेरणा, जरिवाना तथा कारवाही

**३६. प्रोत्साहन, उत्प्रेरणा सम्बन्धी व्यवस्थाः** विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी वा सदस्यहरुलाई देहाय बमोजिमका उत्कृष्ट कार्य गरे वापत तोकिए बमोजिम प्रोत्साहन तथा उत्प्रेरणा प्रदान गर्न सक्नेछ।

क) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पु-याएमा,

ख) विद्यालयको व्यवस्थापनमा  उत्कृष्ट योगदान गरेमा,

ग) विषयगत सिकाइ उपलब्धी राम्रो भएमा,

घ) विद्यालय र समुदायको सम्बन्ध उत्कृष्ट रुपमा विकसित गराएमा,

ङ) खोज, अध्ययन, अनुसन्धान तथा रचनात्मक कार्य गरेमा,

च) शिक्षा सम्बन्धी नवीनतम ज्ञान, प्रविधि तथा शिक्षण विधिको विकास गरेमा वा प्रयोग गरेमा,

छ) विद्यालयलाई आर्थिक तथा भौतिक सहयोग गरेमा।

**३७. कसुर तथा जरिवाना र पदीय आचरण सम्बन्धी व्यवस्थाः** शिक्षक वा कर्मचारीलाई निम्न अवस्थामा विभागीय कारवाहीका लागि सिफारिस गरिनेछ।

क) पदीय दायित्व पूरा नगरेमा,

ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

ग) विद्यालयमा मादक पदार्थ तथा लागू औषध सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ) नैतिक पतन वा कुनै फौजदारी कसुर सम्बन्धी अभियोग प्रमाणित भएमा,

ङ) विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

च) विद्यालयको अहित हुने कुनै कार्य गरेको प्रमाणित भएमा,

छ) शिक्षक वा कर्मचारी राजनैनिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

**३८. दण्ड र सजायः** १) कसैले विद्यालयको सम्पति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित फौजदारी कानुन बमोजिम कारवाही हुनेछ।

२) कसैले देहायका कार्य गरे वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पु-याएमा त्यस्तो व्यक्तिलाई प्रचलित कानुन अनुसार सजाय हुनेछ।

क) प्रश्न पत्रको गोपनीएता भङ्ग गरेमा,

ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापर्वाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न प्रयत्न गरेमा, प्रवेश गरी परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा,

छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा संचालन गरेमा।

३) उपदफा (२) मा लेखिए देखि वाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उलङघन गरेमा वा विद्यालयको हितको प्रतिकुल हुने गरी कुनै अवाञ्छित गतिविधि गरेमा कार्यपालिका वा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ।

क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिसँग परामर्श लिई कारवाही गर्ने,

ख) गाउँ शिक्षा समितिको सिफारिसमा कसुरको मात्रा हेरी कारवाही गर्ने,

ग) गाउँ शिक्षा समितिको सिफारिसमा विद्यालयलाई गाउँपालिकाबाट प्रवाह हुने सहायता घटाउने, रोक्ने वा बन्द गर्ने अन्य कसुरमा प्रचलित कानुन बमोजिम कारवाही गर्ने।



CamScanner

**३९. सफाइको मौका प्रदान गर्नु पर्नेः** कारवाही वा सजाय वा जरिवाना गर्दा कारवाही गर्ने अधिकारी वा निकायले सम्बन्धित शिक्षक वा कर्मचारीलाई सफाइको मौका दिनु पर्नेछ।

**४०. पुनरावेदनः** कारवाही र सजायमा चित्त नबुझेमा ३५ दिन भित्र अदालतमा पुनरावेदन गर्न पाइनेछ।

## परिच्छेद ८
## खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रतिभा पहिचान र छात्रवृत्ति

**४१. खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रतिभा पहिचान सम्बन्धी व्यवस्थाः** १) बालबालिकाको विविध प्रतिभाको पहिचान तथा प्रस्फुटनका लागि गाउँपालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि समितिको गठन गरिने छ।

२) खेलकुद तथा अतिरिक्त क्रियाकलाप समितिको गठन, काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**४२. छात्रवृत्तिः** १) मानव विकासको सूचकाङ्कका दृष्टिकोणले तोकिएको सूचकाङ्क भन्दा पछाडि परेका समुदाय वा आर्थिक रुपले विपन्न वा अपाङ्गता भएका बालबालिकालाई माध्यमिक तह सम्मको शिक्षा प्राप्त गर्न तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरिने छ।

२) छात्रवृत्ति प्रदान गर्दा पारदर्शिता अवलम्बन गरिने छ।

३) पारदर्शिता सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ९
## पाठ्यक्रम, परीक्षा बोर्ड, गुणस्तर अनुसन्धान तथा प्रविधि

**४३. गाउँ शिक्षा पाठ्यक्रम निर्माणः** १) गाउँपालिका भित्रका विद्यालयहरुमा स्थानीय आवश्यकता, भौगोलिक बिशेषता, स्थानीय भाषा, संस्कृति, कला, व्यवसाय, वातावरण तथा प्रकृतिको संरक्षण, पुरातात्विक सम्पदा संरक्षण, मूल्य र मान्यता समेतको शिक्षा प्रदान गर्ने प्रयोजनका लागि गाउँ शिक्षा समितिले स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्नेछ।

२) स्थानीय पाठ्यक्रम निर्माण गर्दा आवश्यकता अनुसार विज्ञहरुको सल्लाह, सुझाव, सहयोग लिन सक्नेछ।

**४४. गाउँ परीक्षा समिति गठन, काम, कर्तव्य र क्षेत्राधिकारः** १) स्थानीय तहमा संचालन हुने कक्षा-३/५ को सिकाइ उपलब्धी परीक्षा, आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा-८) समेतको परीक्षा संचालन, व्यवस्थापन, नियन्त्रण र समन्वय गर्न तोकिए बमोजिम स्थानीय परीक्षा समिति गठन गरिने छ।

२) स्थानीय परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

३) समितिको सदस्य सचिव र कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

४) समितिका पदाधिकारीको पदावधि ३ बर्षको हुनेछ।

**४५. स्थानीय शैक्षिक तालिम शाखाको व्यवस्थाः** १) गाउँपालिका भित्रका विद्यालय, शिक्षक तथा कर्मचारीको पेशागत दक्षता र क्षमता अभिवृद्धि गर्नका लागि स्थानीय शैक्षिक तालिम शाखाको व्यवस्था गरिने छ।

२) स्थानीय शैक्षिक तालिम शाखाको व्यवस्था, काम, कर्तव्य र क्षेत्राधिकार तोकिए बमोजिम हुनेछ।

**४६. अनुसन्धान तथा प्रविधिको विकास सम्बन्धी व्यवस्थाः** १) आधारभूत तथा माध्यमिक शिक्षा सम्वद्ध क्षेत्रमा नयाँ प्रविधि तथा प्राविधिक सीप विकासका लागि खोज तथा अनुसन्धानलाई प्रवर्धन गर्न गाउँपालिकाले नीति तथा कार्यक्रम तर्जुमा गर्नेछ।

२) अनुसन्धान तथा विकास सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४७. शैक्षिक गुणस्तर परीक्षण समितिको गठन, काम, कर्तव्य र क्षेत्राधिकारः** विद्यालय शिक्षाको गुणस्तर मापन गर्ने काम समेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण समिति रहनेछ। शैक्षिक गुणस्तर परीक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**४८. प्रविधिको विकास सम्बन्धी व्यवस्थाः** प्रविधिको विकास सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४९. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** १) विद्यालयले संघीय सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नु पर्नेछ।

२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पु-याएको मानिने छैन।

(३) उफदफा (२) बमोजिम निर्माण गरिएको पाठ्यक्रम संस्थागत विद्यालयले समेत अनिवार्य रुपमा लागू गर्नु पर्नेछ।

(४) संस्थागत विद्यालयको पाठ्यक्रममा एकरुपता ल्याइनेछ।



CS CamScanner

## परिच्छेद १०
## गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति

**५०. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः** १) गाउँपालिका क्षेत्र भित्रका विद्यालयको रेखदेख, व्यवस्थापन र समन्वय एवम् शैक्षिक नीति निर्माण गर्ने काम समेतका लागि गाउँ शिक्षा समिति गठन गरिने छ।

२) गाउँ शिक्षा समिति गठन देहाय बमोजिम हुनेछः

क. गाउँपालिका अध्यक्ष - अध्यक्ष

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. गाउँकार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यहरु मध्ये १ महिला सहित २ जना - सदस्य

च. गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये गाउँकार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना - सदस्य

छ. स्थानीय समाजसेवी वा शिक्षाप्रेमी मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ दलित र २ महिला सहित ३ जना - सदस्य

ज. गाउँपालिका भित्र रहेका सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्ये १ महिला सहित २ जना - सदस्य

झ. शिक्षक महासंघका पालिका स्तरीय प्रतिनिधि १ जना - सदस्य

ञ. शिक्षा अधिकृत / शिक्षा शाखा प्रमुख - सदस्य सचिव

३ ) समितिका पदाधिकारीको पदावधि ३ बर्षको हुनेछ।

४ ) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**५१. वडा शिक्षा समिति गठनः** १ ) गाउँपालिका भित्रका वडाका विद्यालयहरुको रेखदेख र व्यवस्थापन गर्न प्रत्येक वडामा वडा स्तरीय शिक्षा समिति रहनेछ।

२ ) वडा स्तरीय शिक्षा समिति देहाय बमोजिम गठन हुनेछः

क. सम्बन्धीत वडाका वडा अध्यक्ष - संयोजक

ख. सम्बन्धित वडामा रहेको सामुदायिक/संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्ये वडा समितिले तोकेको १/१ गरी २ जना - सदस्य

ग. सम्बन्धीत वडामा रहेका सामुदायिक/संस्थागत विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको १/१ गरी २ जना - सदस्य

घ. सम्बन्धित वडाको महिला सदस्य १ जना - सदस्य

ङ. वडा शिक्षा समितिले वडा भित्रका अभिभावक, शिक्षाप्रेमी, वुद्धिजीवी, समाजसेवी मध्येबाट १ महिला समेत मनोनित २ जना - सदस्य

च. सम्बन्धीत वडाको वडा सचिव - सदस्य सचिव

३ ) वडा बालमञ्च/बालक्लवले छानी पठाएका कम्तिमा १ छात्रा समेत २ जना प्रतिनिधिहरु आमन्त्रित सदस्य रहनेछन्।

४ ) समितिका पदाधिकारीको पदावधि ३ बर्षको हुनेछ।

५ ) समितिको काम, कर्तव्य र अधिकार तोकिएको बमोजिम हुनेछ।

**५२. विद्यालय व्यवस्थापन समितिको गठनः** (१) सामुदायिक तथा संस्थागत विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

क. विद्यालयका अभिभावकहरुले आफु मध्येबाट छानी पठाएका २ जना महिला सहित ४ जना - सदस्य

ख. विद्यालय रहेको गाउँपालिकाको सम्बन्धीत वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट वडा अध्यक्षले तोकेको सदस्य - सदस्य

ग. विद्यालयका संस्थापक, शिक्षाप्रेमी, स्थानीय बुद्धिजीवी, समाजसेवी , विद्यालयलाई निरन्तर दश बर्षदेखि योगदान पु-याउने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका चन्दादाताहरु/व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला समेत २ जना - सदस्य

घ. सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानेर पठाइएको शिक्षक प्रतिनिधि १ जना - सदस्य

ङ. सम्बन्धित विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिको पहिलो बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा ७ दिन भित्र बसी उपदफा १ को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।तर सो प्रयोजनका लागि उपदफा १ को खण्ड (क) बमोजिमको व्यवस्था पहिलो प्राथमिकतामा हुनेछ।



CS CamScanner

(३) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको छनौट भएको मितिले ३० दिन भित्रमा अध्यक्षको छनौट हुन नसकेमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाबाट अध्यक्ष तोक्न सक्नेछ।

(५) पालिका भित्रका विद्यालयमा वि. व्य. स. को पदावधि समाप्त भएको मितिले ३० दिन भित्र समिति गठन हुन नसकेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सम्बन्धित वडा अध्यक्षको अध्यक्षतामा वि.व्य.स.गठन गर्न सक्नेछ।

(६) विद्यालय व्यवस्थापन समितिले आवश्यकतानुसार समितिको बैठकमा सम्बन्धित विद्यालयको बालक्लवका प्रतिनिधि १ जना छात्रा सहित २ जनालाई आमन्त्रित गर्न सक्नेछ।

(७) प्राविधिक र व्यवसायिक विषय अध्यापन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा गाउँपालिका भित्र प्रविधि, उद्योग तथा बाणिज्यको क्षेत्रमा महत्वपूर्ण योगदान पु-याएका व्यक्तिहरु मध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको व्यक्ति १ सदस्य थप गरिनेछ।

(८) बिशेष शिक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले तोकेको व्यक्ति १ सदस्य थप गरिनेछ।

(९) समितिका पदाधिकारीहरुको पदावधि ३ बर्षको हुनेछ।

(१०) गाउँ शिक्षा शाखा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ।

(११) विद्यालय व्यवस्थापन समितिको अध्यक्षको शैक्षिक योग्यता तोकिए बमोजिम हुनुपर्नेछ।

(१२) अध्यक्ष चयनका लागि उपदफा (११) बमोजिमको शैक्षिक योग्यता कुनै पनि सदस्यहरुमा नभएमा सो उपदफा बमोजिमको व्यवस्था बाध्यताकारी हुनेछैन।तर अध्यक्ष चयनका लागि माथिल्लो शैक्षिक योग्यतालाई प्राथमिकता दिनु पर्नेछ।

**५३. गाउँपालिका भित्रका संस्थागत विद्यालयहरुको संचालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) संस्थागत विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

क. विद्यालयका संस्थापक वा संचालकहरुले आफूहरु मध्येबाट गाउँ शिक्षा समितिमा सिफारिस गरी पठाएका व्यक्ति - अध्यक्ष

ख. अभिभावकहरु मध्येबाट कम्तिमा १ जना महिला समेत पर्ने गरी अभिभावकहरुले छानी पठाएका २ जना - सदस्य

ग. वडा समितिले तोकेको वडा सदस्य मध्येबाट १ जना - सदस्य

घ. सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि १ जना - सदस्य

ङ. विद्यालय संचालक, शिक्षा प्रेमी, बुद्धिजीवीहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको व्यक्ति १ जना - सदस्य

च. सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिको बैठकमा सम्बन्धित विद्यालयको बालक्लवका प्रतिनिधिको रुपमा कम्तिमा १ जना छात्रा सहित २ जनालाई आमन्त्रित गरिनेछ।

(३) विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**५४. विद्यालय व्यवस्थापन जिम्मा लिन सक्नेः** (१) सामुदायिक विद्यालयको व्यवस्थापन सुधार गर्न आवश्यक भएमा गाउँ कार्यपालिकाले स्वयम् जिम्मा लिन सक्नेछ। यो कार्यका लागि बिज्ञहरुको सहयोग लिन सकिनेछ।

(२) यस सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

**५५. शिक्षक अभिभावक संघको गठनः** सामुदायिक विद्यालयको आर्थिक तथा शैक्षिक व्यवस्थापनलाई नतिजामुखी, पारदर्शी तथा जवाफदेही बनाउन र सामजिक परीक्षणलाई व्यवस्थित गर्न तथा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने प्रयोजनार्थ सहयोग पु-याउन प्रत्येक विद्यालयमा शिक्षक अभिभावकहरुको एक शिक्षक अभिभावक संघ रहनेछ। शिक्षक अभिभावक संघले बढीमा ११ सदस्यीय कार्यकारी समिति गर्नुपर्नेछ।

**५६. शिक्षक अभिभावक संघको कार्यकारी समितिको गठनः** (१) विद्यालयको शिक्षक अभिभावक संघको कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः

क. विद्यालयका अभिभावकहरुले आफूहरु मध्येबाट छनोट गरी पठाएको प्रतिनिधि - अध्यक्ष

ख. विद्यालयका अभिभावकहरुले आफूहरु मध्येबाट छनोट गरी पठाएका कम्तिमा २ महिला सहित ५ जना - सदस्य

ग. विद्यालयमा कायम रहेको पूर्व विद्यार्थी समाजका अध्यक्ष वा प्रतिनिधि - सदस्य

घ. विद्यालय सेवा क्षेत्र भित्रका संघ संस्था मध्येबाट वि व्य स ले एक जना प्रतिनिधी - सदस्य

ङ. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष - सदस्य

च. प्रधानाध्यापक - सदस्य

छ. शिक्षकहरुले आफहरु मध्येबाट छनौट गरी पठाएको शिक्षक - सदस्य सचिव

(२) अध्यक्षको न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनुपर्नेछ।



CamScanner

(३) अध्यक्ष चयनका लागि उपदफा २ बमोजिमको शैक्षिक योग्यता कुनै पनि सदस्यहरुमा नभएमा उपदफा (२) बमोजिमको व्यवस्था बाध्यताकारी हुनेछैन। तर अध्यक्ष चयनका लागि माथिल्लो शैक्षिक योग्यतालाई प्राथमिकता दिनु पर्नेछ।

(४) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**५७. विघटन गर्न सकिनेः** (१) यस ऐन तथा प्रचलित कानुन बमोजिम विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समन्वय समिति तथा यस ऐन बमोजिम गठन भएका समिति वा उप समितिहरुलाई गाउँशिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिका ले विघटन गर्न सक्नेछ।

(२) विघटन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। विघटन गर्नु अघि सम्बन्धित समितिलाई आफ्नो सफाई पेश गर्ने अवसरबाट बञ्चित गरिने छैन।

## परिच्छेद ११

## विविध व्यवस्था

**५८. निर्देशन दिन सक्नेः** १) गाउँ शिक्षा समिति, वडा शिक्षा समन्वय समिति एवम् विद्यालय व्यवस्थापन समितिलाई गाउँपालिका अध्यक्षले आवश्यक निर्देशन दिन सक्नेछन्।त्यस्तो निर्देशन विद्यालयको हितमा हुनु पर्नेछ।

२) उपदफा(१) बमोजिमको निर्देशनको पालना गर्नु शिक्षा सँग सम्बद्ध सबै समितिहरुको कर्तव्य हुनेछ।

**५९. प्रगति विवरण बुझाउनु पर्नेः** १. प्रत्येक विद्यालयले तोकिए बमोजिमका सबै खाले विवरणहरु र प्रतिवेदनहरु तोकिएको म्याद भित्र सम्बन्धित निकायमा बुझाउनु पर्नेछ।

**६०. विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

**६१. विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय हाताभित्र कुनै पनि किसिमको बन्द हडताल वा अवान्छित क्रियाकलाप र गतिविधि हुन नदिने तथा पठनपाठन एवम् शैक्षिक क्रियाकलापलाई बाधा पर्ने गरी कसैले कुनै पनि अन्य गतिविधि संचालन गर्न नपाउने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नु पर्नेछ।

(२) कसैले विद्यालय बन्द हुने गरी क्रियाकलाप गरेमा वा बन्द गर्ने प्रयास गरेमा त्यस्ता व्यक्ति उपर प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

**६२. स्थायी आवासीय अनुमति लिन नहुनेः** (१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले बैदेशिक स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन पाइने छैन।

(२) यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमाति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो आवासीय अनुमति वा आवेदन तोकिएको अवधि भित्र फिर्ता लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको अवधि भित्र आवेदन वा आवासीय अनुमति फिर्ता नलिएमा त्यस्तो शिक्षक वा कर्मचारीलाई भविश्यमा सरकारी नोकरीमा अयोग्य नठहरिने गरी सेवाबाट मुक्त गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

**६३. योग्यताः** विद्यालयका शिक्षकका लागि चाहिने शैक्षिक योग्यता संघीय कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

**६३. पारिश्रमिकः** (१) संघीय कोषबाट व्यहोरिने शिक्षकको पारिश्रमिक संघीय कानुन बमोजिम र गाउँपालिकाले बहन गर्ने पारिश्रमिकका हकमा तोकिए बमोजिम हुनेछ।

(२) विद्यालयका कर्मचारीको पारिश्रमिक तोकिए बमोजिम हुनेछ।

**६४. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः** गाउँ शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या विषय र कक्षाका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

**६५. बालबालिकालाई निष्काशन गर्न, शारीरिक तथा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) प्रचलित कानुनको अधिनमा रही सामान्य गल्ती त्रुटिका आधारमा कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

(३) कसैले सो कार्य गरे, गराएमा प्रचलित कानुन बमोजिम सजाय हुनेछ।

(४) कानुनद्वारा बन्देज लगाइएका कुनै पनि क्रियाकलाप गरेमा विद्यालयले आवश्यक कारवाही गर्न सक्नेछ।

**६६. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः** नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन।

**६७. सामुदायिक विद्यालयमा भर्ना गराउनु पर्नेः** सरकारबाट तलब भत्ता लगायतका सुबिधा प्राप्त गरेका कर्मचारी र पदाधिकारीहरुले ऐन लागू भएको ५ बर्ष भित्र आफ्ना सन्तानलाई सामुदायिक विद्यालयमा भर्ना गराउनु पर्नेछ ।

**६८. स्थायी अध्यापन अनुमति पत्र लिनुपर्नेः** संघीय शिक्षक सेवा आयोगबाट स्थायी अध्यापन अनुमति पत्र नलिई तोकिएको विषय बाहेकका विषयमा विद्यालयमा शिक्षण गर्न पाउने छैन।



CamScanner

**६९. अदालतको आदेशबाट पुनर्बहाली हुन सक्ने:** विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको वा निलम्बनमा रहेको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्नेछ।

**७०. मुद्दा हेर्ने अधिकारी:** (१) दफा ६८ बमोजिम कसुर सम्बन्धी मुद्दामा कारवाही र किनारा गर्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ।

**७१. दरबन्दी सिर्जना गर्न सक्ने:** (१) संघीय सरकारद्धारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका सामुदायिक विद्यालयका लागि गाउँपालिकाले आवश्यकता अनुसार निश्चित समयका लागि आफ्नै स्रोतबाट तलब भत्ता बेहोर्ने गरी करार शिक्षक, घुम्ती शिक्षक, स्वयम सेवक शिक्षक तथा कर्मचारीको दरबन्दी सिर्जना गर्न सक्नेछ।

(२) उल्लेखित शिक्षकहरु कर्मचारीहरुको सेवा सुविधा तथा शर्त तोकिए बमोजिम हुनेछ।

**७२. मादक पदार्थ र सुर्तिजन्य पदार्थ बेचबिखन गर्न नपाउने:** विद्यालयको ५०० मिटर क्षेत्र भित्र कुनै पनि मादक पदार्थ र सुर्तिजन्य पदार्थ बेचबिखन र सेवन गर्न/गराउन पाइनेछैन।

**७३. नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

**७४. बाधा अड्काउ हटाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ।

**७५. खारेजी र बचाउ:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसुरमा भ्रष्टचार निवारण ऐन २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संविधान, संघीय तथा प्रदेश कानुन सँग बाझिएको हद सम्म स्वतः निष्क्रिय हुनेछन्।

(४) यो ऐन प्रारम्भ भए पश्चात निस्दी गाउँपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि, २०७५ स्वतः खारेज हुनेछ।

(५) यो ऐन प्रारम्भ हुनु पहिले गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले



CamScanner